**भाग-२**

# स्थानीय राजपत्र

चौंरीदेउराली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड:४ संख्या: १ मिति: २०७७/०५/०४

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चौंरीदेउराली गाउँपालिका गाउँसभाले **"करारमा शिक्षक तथा कर्मचारी नियुक्ति र सरुवा सम्बन्धी कार्यविधि, २०७७"** सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# करारमा शिक्षक तथा कर्मचारी नियुक्ति र सरुवा सम्बन्धी कार्यविधि, २०७७

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

बागमती प्रदेश

नेपाल

# "करारमा शिक्षक तथा कर्मचारी नियुक्ति र सरुवा सम्बन्धी कार्यविधि, २०७७"

## चौंरीदेउराली गाउँकार्यपालिका

ढाँडखर्कभञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

प्रस्तावना

यस चौंरीदेउराली गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षक तथा कर्मचारीको दरबन्दी रिक्त रही स्थायी पदपुर्ति हुन नसकेको खण्डमा करारमा शिक्षक तथा कर्मचारी पदपुर्ति गर्न र सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले पेशागत अनुभव आदान-प्रदानको लागि शिक्षक सरुवा गर्न आवश्यक भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) को खण्ड (११) को (ज) ले दिएको अधिकार प्रयोग गरी यस गाउँ कार्यपालिकाले यो "करारमा शिक्षक तथा कर्मचारी नियुक्ति र सरुवा सम्बन्धी कार्यविधि,२०७७" जारी गरेको छ ।

### परिच्छेदः १

### प्रारम्भिकः

### सङ्क्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम "करारमा शिक्षक तथा कर्मचारी नियुक्ति र सरुवा सम्बन्धी कार्यविधि, २०७७" रहनेछ ।

ख. यो कार्यविधि चौंरीदेउराली गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

ग. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

१. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यपालिका" भन्नाले चौंरीदेउराली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

ख. "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको यस चौंरीदेउराली गाउँपालिकालाई सम्झनु पर्छ ।

ग. "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

घ. "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली २०५९ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

ङ. "प्रमुख" भन्नाले गाउँपालिकाको प्रमुख/अध्यक्षलाई सम्झनु पर्छ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ. "व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐन बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ज. "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

झ. "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ञ. "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा,युवा तथा खेलकुद हेर्ने शाखा वा इकाइलाई सम्झनु पर्छ ।

## परिच्छेदः २

## शिक्षक तथा कर्मचारी छनौट समितिः

३. सामुदायिक विद्यालयमा करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिम एक शिक्षक तथा कर्मचारी छनौट समिति रहने छ ।

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य -अध्यक्ष

ख. सम्बन्धित शिक्षा अधिकृत -सदस्य

ग. गाउँपालिकाको शिक्षा शाखामा काम गर्न तोकिएको व्यक्ति -सदस्य

घ. शिक्षक छनौट समितिको सिफारिसमा सम्बन्धित तहको विषय विज्ञ एक जना -सदस्य

ङ. प्रधानाध्यापक - सदस्य-सचिव

४. शिक्षक छनौट समितिको सचिवालय गाउँपालिका र कर्मचारी तथा बाल शिक्षकको हकमा सम्बन्धित विद्यालय तथा वडा शिक्षा समितिको कार्यालय सचिवालय रहनेछ ।

५. शिक्षक सेवा आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्याविधिको पालना गर्नु पर्नेछ ।

६. शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेदः ३

## करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः

७. स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूचि शिक्षा शाखामा माग गर्नुपर्नेछ ।

८. नियम ७ बमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचिमा रहेका उमेद्वारहरु मध्ये व्यवस्थापन समितिले बढिमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

९.नियम ७ बमोजिम आयोगवाट प्रकाशित सूचीमा करारका लागि कुनै उमेद्ववार नरहेमा वा सूचिमा समावेश भएका उमेद्वावारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै ब्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

१० नियम ८ वा ९ बमोजिम करारामा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखावाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र शिक्षक सेवा आयोगको मूल्य मान्यता बमोजिम प्रक्रिया पुरा गरी करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

११.नियम ९ बमोजिम शिक्षक तथा कर्मचारीको पद पूर्ति गर्नको लागि आवश्यक विवरण खुलाइ कम्तिमा १५ दिनको सार्वजनिक सूचना गाउँपालिकाको वेवसाइट र फेसबुक पेज तथा सभाव्य स्थानीय स्तरको पत्रपत्रिका वा अन्य माध्यमबाट प्रकाशन गर्नुका साथै गाउँकार्यापालिका,वडा कार्यालय र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नुपर्नेछ ।

१२.नियम ९ बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिइने उमेद्ववारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणप्रत्र र स्थायी अध्यापन अनुमति पत्रको छाँया प्रति निवेदन साथ पेश गर्नुपर्नेछ ।

१३. विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शिक्षा शाखालाई दिनु पर्नेछ र शिक्षा शाखाले सो अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनुपर्नेछ ।

१४.नियम ८ वा ९ मा जुनसुकै कुरा लेखिएको भएता पनि करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले एक पटकमा अधिकतम एक वर्षको लागि करारको म्याद थप गर्न सक्नेछ ।

१५.नियम १४ बमोजिम करार गरिएको जानकारी विद्यालयले स्थानीय शिक्षा शाखालाई दिनुपर्नेछ ।

१६. यस नियम बमोजिम प्रक्रिया नपुऱ्याइ शिक्षक तथा कर्मचारी नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारवाही गरिनेछ ।

## परिच्छेद-४

### विषय विज्ञ सम्बन्धी व्यवस्थाः

१७. नियम ३ को खण्ड घ को प्रयोजनका लागि देहाय अनुसारको योग्यता भएका ब्यक्तिहरुबाट दरखास्त आव्हान गरी विषय विज्ञहरुको सूचि प्रकाशित गरिनेछ ।

क. विद्यालय सहयोगी, विद्यालय सहायक र बाल शिक्षक छनौट परीक्षामा विषय विज्ञ हुनका लागि कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र कम्तिमा प्राथमिक तहको स्थायी शिक्षक भएको।

ख.प्राथमिक तहको शिक्षक छनौट परीक्षामा विषय विज्ञ हुनका लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको र कम्तिमा प्राथमिक तहको स्थायी शिक्षक भएको ।

ग. निम्न माध्यमिक शिक्षक छनौट परीक्षामा विषय विज्ञ हुनको लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको र कम्तिमा निम्न माध्यमिक तहको स्थायी शिक्षक भएको ।

घ. माध्यमिक तहको शिक्षक छनौट परीक्षामा विषय विज्ञ हुनको लागि सम्भव भएसम्म सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको र कम्तिमा माध्यमिक तहको स्थायी शिक्षक भएको

ङ. उच्च माध्यमिक तहको शिक्षक छनौट परीक्षामा विषय विज्ञ हुनको लागि सम्बन्धित विषयमा कम्तिमा द्बितीय श्रेणीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी साविक उच्च माध्यमिक तहमा कम्तिमा २ वर्ष अध्यापन गरी सम्बन्धित तहको बहालवाला शिक्षक भएको ।

१८. विषय विज्ञहरुको सूचिलाई प्रत्येक २ वर्षमा अध्यावधिक गर्न सकिनेछ । कारणवस विषय विज्ञको पद रिक्त हुने अवस्था आएमा यस चौंरीदेउराली गाउँपालिकाबाट जुनसुकै समयमा पनि विषय विज्ञ सुचिकृतको लागि आह्वान गर्न सकिने छ र विशेष परिस्थितिको अवस्था सिर्जना भएमा अन्य गाउँपालिका वा नगरपालिकाका विषेशज्ञ हुन योग्यता पुगेका शिक्षकहरुलाई समेत विषेशज्ञको रुपमा प्रयोग गर्न सकिने छ ।

## परिच्छेदः ५

### उमेद्ववारका लागि योग्यता /अयोग्यता तालिम सम्बन्धी व्यवस्थाः

१९. शिक्षक तथा कर्मचारी  रिक्त पदमा नियुक्त गर्न यस कार्यविधि जारी भएको मिति देखि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क. प्राथमिक तहको शिक्षकका लागी कम्तिमा १०+२ वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

ख. निम्न माध्यमिक तहको शिक्षकका लागि सम्बन्धित विषयमा कम्तिमा १०+२ वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

ग. माध्यमिक तहको शिक्षकको लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी संभव भएसम्म तालिम प्राप्त ।

घ. साविक उच्च माध्यमिक तहको शिक्षकको लागि सम्बन्धित संकायमा सम्बन्धित विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको

ङ बाल शिक्षकककका लागि कम्तिमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको महिला ।

च. विद्यालय सहायकका लागि कम्तिमा १०+२ वा सो सरह उत्तीर्ण गरी लेखा र कम्युटर सम्बन्धी न्युनतम ज्ञान हासिल गरेको।

छ. आधारभूत र माद्यमिक तहको विद्यालय सहयोगीका लागि कम्तिमा कक्षा ८ उत्तीर्ण गरेको र प्राथमिक तह (१-५) को हकमा  कम्तिमा सामान्य लेखपढ गर्न जानेको ।

२०. देहायका व्यक्तिहरु शिक्षक तथा कर्मचारी पदका लागि उमेद्ववार हुन योग्य हुने छैनन् ।

क. गैर नेपाली नागरिक

ख. १८ वर्ष उमेर नपुगेको

ग. ४० वर्ष उमेर पुरा भएको

घ मगज विग्रिएको

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ।

च. भविस्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट वरखास्त गरिएको ।

छ. स्थायी अध्यापन अनुमति प्रत्र नलिएको ।

तर माथि परिच्छेद २ नियम ५ मा जुनसुकै कुरा लेखिएको भएता पनि बाल शिक्षक, विद्यालय सहायक र विद्यालय सहयोगीका लागि स्थायी अध्यापन अनुमतिपत्र आवश्यक नपर्ने ।माध्यमिक तहमा विज्ञान,गणित,लेखा र अन्य प्राविधिक विषयमा तथा निम्न माध्यमिक तहको विज्ञान र कम्प्युटर विषयमा पहिलो पटक विज्ञापन प्रकाशित गर्दा स्थायी अध्यापन अनुमति पत्र लिएका व्यक्तिहरुबाट दरखास्त पर्न नआएमा थप दोस्रो विज्ञापनको सूचना प्रकाशित गरिनेछ

दोस्रो विज्ञापनमा स्थायी अध्यापन अनुमतिपत्र नलिइएका तर आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका व्यक्तिहरुबाट समेत दरखास्त आव्हान गरी अस्थायी करारमा पद पूर्ति गर्न सकिनेछ ।

## परिच्छेदः ६

## शिक्षक सरुवा सम्बन्धी व्यवस्थाः

२१. यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने अभिप्रायले शैक्षिक अनुभव आदान-प्रदान गर्न शिक्षकहरुलाई निम्न बमोजिमका आधारमा यस गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा सम्बन्धित तह र विषय मिल्ने गरी शिक्षक सरुवा गरिनेछ ।

क. तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगरेको भनी सम्बन्धित विव्यसको निर्णय सहित विद्यालय निरीक्षकबाट सिफारिस भएमा ।

ख.विद्यालयमा विद्यार्थी संख्या कम भइ दरबन्दी मिलान गर्नुपर्ने भएमा ।

ग. विद्यालयमा विद्यार्थी संख्या कम भइ विद्यालय समायोजन वा तह तथा कक्षा घटुवा गर्नु पर्ने भइ शिक्षक तथा कर्मचारी समायोजन गर्नु पर्ने भएमा ।

घ.एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा ।

ङ. नैतिक आचरण तथा नीजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विव्यसबाट  निर्णय भइ आएमा ।

च. लगातार १५ दिनभन्दा बढी बिदा स्वीकृत नगराइ विद्यालयमा अनुपस्थित रहको र पटकपटक जिम्मेवारी निर्वाहमा लापारवाही गरेको भनी विव्यसबाट लेखी आएमा त्यस्ता शिक्षक कर्मचारीलाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ ।

छ. तह विषय र दरबन्दी मिलानको क्रममा सम्बन्धित शिक्षक र विद्यालयको सहमती वेगर पनि गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार सरुवा तथा व्यवस्थापन गर्न सकिनेछ ।

ज. कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा ।

ञ. शैक्षिक गुणस्तर वृद्धिको लागि आवश्यकता अनुसार गाउँपालिका भरी कुनै पनि विद्यालयमा शिक्षक सरुवा गर्न सकिने छ ।

ट. कुनै पनि शिक्षक सरुवा भइ जान चाहेमा तोकिएको सिफारिस शुल्क बुझाइ प्रचलित नियमानुसार सरुवा हुनेछ ।

**परिच्छेदः ७**

विविधः

२२. परीक्षाको पाठ्यक्रमः शिक्षक पदका लागी लिइने परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले स्वीकृत गरेको पाठ्यक्रम अनुसार हुनेछ । बाल शिक्षक र कर्मचारीका लागि लिइने परीक्षाको पाठ्यक्रम छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. वैकल्पिक उमेद्धवारलाई नियुक्ति गर्न सक्नेः शिक्षक तथा कर्मचारी छनौट समितिले सिफारिस गरेको व्यक्तिले सिफारिस भएको मितिले १५ दिन सम्म करार नियुक्ति लिन नआएमा वा करार नियुक्ति लिएर कुनै कारणले एक वर्ष भित्रै राजिनामा दिएमा व्यवस्थापन समितिले वैकल्पिक उमेद्धवारलाई नियुक्ति गर्न सक्नेछ ।

२४. करारमा शिक्षक तथा कर्मचारी नियुक्ति र सरुवा सम्बन्धी कार्यविधि संघीय तथा प्रादेशिक ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

२५.यो कार्यविधिको प्रयोगमा द्विविधा उत्पन्न भएमा चौरीदेउराली गाउँपालिकाको गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

आज्ञाले,

महान दास लामा

प्रमुख प्रशासकीय अधिकृत